# प्रशासन बुलेटिन धनकुटा

अर्ध वार्षिक

वर्ष १ अंक १ माघ २०७६



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनकुटा





**सम्पादकीय**

नेपाल सरकारको नीति र हामी सबैको चाहना "सुख, शान्ति र समृद्धि हो । यसको सुरुवात सुशासनबाट प्रारम्भ हुन्छ" भनी विद्वानहरु भन्ने गर्दछन् । शान्ति सुरक्षा र अमनचैन विना सुशासन कायम हुन सक्दैन । सुशासनको कार्य आँफैबाट प्रारम्भ गरिनुपर्छ । आफ्नो बानी व्यवहारमा परिवर्तन, ऐन कानूनको पालना, सरकारी सम्पत्तिको सदुपयोग र मितव्ययीता पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व सुशासनका पूर्वशर्त हुन् । "म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिन्न" भनी नेपाल सरकारले अघि सारेको नारा अनुसार हाम्रा सोच, व्यवहार र आनीबानीमा परिवर्तन हुनु आजको आवश्यकता हो । सुशासन कायम गर्नका लागि नेपालको संविधानले संवैधानिक अंगहरुको व्यवस्था सहित थुप्रै संरचनाको व्यवस्था गरेको छ । जस अन्तर्गत जिल्ला प्रशासन कार्यालय समेत एक महत्वपूर्ण निकायको रुपमा ७७ जिल्लामा रहेको छ । जनतालाई प्रवाह गरिने सेवा प्रवाहमा चुस्तता ल्याउन र सरल तथा सहज सार्वजनिक सेवा प्रवाहमा यस कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको व्यहोरा सर्वविदितै छ । यद्यपी सूचना प्रविधिमा भएको विकास र सूचनाको हक सम्बन्धि ऐन, नियमको प्रावधान बमोजिम सार्वभौम नागरिकहरुलाई सुशासनको अनुभूति दिलाउन हामीमा निरन्तर सुधार र विकासको खाँचो छ । नागरिकहरु समक्ष सुधार सहितको सेवा प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै हाम्रो कार्यालयबाट आ.व. २०७६/०७७ को शुरूका ६ महिनामा सम्पादन भएका कार्यहरुको विवरण, हाम्रा गतिविधिहरु र समसामयीक जानकारी सहित पहिलो पटक यो अर्ध वार्षिक बुलेटिन प्रकाशनमा ल्याइएको छ । सम्पूर्ण सेवाग्राहीहरु र सार्वभौम नागरिकहरुबाट यस बुलेटिन प्रति रचनात्मक पृष्ठपोषण सहितका सुझावहरुको अपेक्षा समेत गरिएको छ ।


**संरक्षक**

प्र.जि.अ. - डा. कृष्णबहादुर घिमिरे

**सम्पादक मण्डल**

प्रशासकीय अधिकृत - श्री राम नारायण श्रेष्ठ
प्रशासकीय अधिकृत - श्री जयराम श्रेष्ठ
कम्प्यूटर अपरेटर - श्री रुद्रमणि अधिकारी


## १. पृष्ठभुमीः

जिल्ला प्रशासन कार्यालय, धनकुटाको ऐतिहासिक पृष्ठभूमी हेर्दा यस जिल्लामा विक्रम संवत १८६८ देखी १९४३ सम्म धनकुटा गौडा प्रशासकमा ८ जना गर्भनर कार्यरत रहेको । विक्रम संवत १९४३ देखि विक्रम संवत २०२४ साल सम्म २४ जना वडा हाकिम कार्यरत रहेको र वि.स. २०२४ सालमा स.अंचलाधिस-१ जना कार्यरत रहेका । विक्रम संवत २०२५ साल देखि २०६८ साल जेष्ठ २५ गते सम्म यस जिल्लामा रा.प.द्बितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी कायम भै २६ जना प्रमुख जिल्ला अधिकारी कार्यरत भएको । २०६८ साल जेष्ठ ३० गतेबाट यस जिल्लामा प्रमुख जिल्ला अधिकारी रा.प.प्रथम श्रेणीको कायम भै सोही मिति देखी हाल सम्म १३ जना प्रमुख जिल्ला अधिकारी कार्यरत रहेको । स्थानिय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछी प्रमुख जिल्ला अधिकारीको काम-कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्था भयो । वि.सं. २०४६ पछि जिल्ला कार्यालयको नाम परिवर्तन भै जिल्ला प्रशासन कार्यालय रहन गयो । साथै २०४६ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्याई सो काम हेर्ने स्थानीय विकास मन्त्रालय गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुरक्षा सुब्यवस्था र सुशासन र विकास निर्माणमा सहजीकरणमा केन्द्रित रहयो । २०१८ सालमा ७५ जिल्ला विभाजन भै सोही अनुसार जिल्ला प्रशासन कार्यालय रहेकोमा २०७४ साल भाद्र ५ गते दुई जिल्ला थप भै ७७ जिल्ला कायम हुन गयो । हाल ७७ जिल्लामा जिल्ला प्रशासन कार्यालय स्थापना भई कार्य संचालन हुँदै आएको छ ।

## २. दृष्टिकोणः

नेपालको संविधान र प्रचलित कानुनद्धारा प्रत्याभुत नागरिक, स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य, मान्यतालाई सम्मान गरी जिल्लामा शान्ति सुरक्षा र कानूनी शासनको प्रत्याभूत गराउने यस कार्यालयको दृष्टिकोण रहेको छ ।

## ३. लक्ष्यः

जनताको माग र प्रचलित कानून अनुरुप जिल्ला प्रशासन कार्यालयले जिल्लामा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्ने तथा जिल्लामा सुशासन कायम गरी भष्ट्राचारलाई शुन्य गर्ने ।

## ४. क्रियाकलाप, भावी योजना तथा प्रगति विवरणः

जनताको माग र प्रचलित कानून अनुरुप जिल्ला प्रशासन कार्यालयले जिल्लामा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्ने तथा जिल्लामा सुशासन कायम गर्ने कार्यका लागि निम्न कृयाकलापहरु गर्दै आएको छः-

- विपद् व्यवस्थापन गर्ने,
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने,
- विकास निर्माणको कार्यमा समन्वय र सहजीकरण गर्ने,
- जिल्लाका अन्य कार्यालयहरुलाई समेत सहभागी गराई विविध प्रकारको सेवा सेवाग्राहीको घर दैलो, स्थानीय स्तरमा गोष्ठि, अन्तरक्रिया सञ्चालन गर्ने,
- बजार अनुगमन कार्यलाई सघन बनाई त्यस क्षेत्रमा हुने अनियमितता रोक्ने तर्फ प्रभावकारी कार्य गर्ने,
- जिल्लाको एकीकृत सुरक्षा योजना निर्माण गरी भरपर्दो शान्ती सुरक्षा र सुशासन कायम गर्ने,
- जिल्लामा संचालित योजना-आयोजनाको अनुगमन निरीक्षण गरी तोकिएको समयमा कार्य सम्पन्न गर्न लगाउने ।

| आ.व. २०७६/०७७ को पुस महिनासम्मको नयाँ नागरिकता वितरण विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महिना | महिला | पुरुष | जम्मा | सनाखत | | | | |
| | | | | बुबा | आमा | श्रीमान | अन्य | जम्मा |
| श्रावण | १३८ | ८५ | २२३ | ११८ | ३३ | ३३ | ३९ | २२३ |
| भाद्र | १२२ | १४४ | २६६ | १५६ | ४० | २१ | ४९ | २६६ |
| असोज | ७१ | ४९ | १२० | ६१ | १२ | २० | २७ | १२० |
| कार्तिक | १५७ | १६५ | ३२२ | १९२ | ४८ | २८ | ५४ | ३२२ |
| मंसिर | ११९ | ११२ | २३१ | ११९ | २३ | ३८ | ५१ | २३१ |
| पौष | १२५ | ९८ | २२३ | १२० | ३० | ३० | ४३ | २२३ |
| **जम्मा** | **७३२** | **६५३** | **१३८५** | **७६६** | **१८६** | **१७०** | **२६३** | **१३८५** |

## आ.ब. ०७६/०७७ को पुस महिना सम्मको नागरिकता प्रतिलिपि वितरण विवरण

| महिना | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| श्रावण | ४३ | ११४ | १५७ |
| भाद्र | ६३ | १२५ | १८८ |
| असोज | ३८ | ६१ | ९९ |
| कार्तिक | ८३ | १२२ | २०५ |
| मंसिर | ७९ | १३० | २०९ |
| पौष | ५३ | ११७ | १७० |
| **जम्मा** | **३५९** | **६६९** | **१०२८** |

## आ.ब. ०७६/०७७ पुस महिना सम्मको राहदानी विवरण

| महिना | कार्यालयमा आवेदन पेश भएको | | | विभाग सिफारिस गरिएको संख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| श्रावण | ४५ | ७८ | १२३ | ३० | ३५ | ६५ |
| भाद्र | ४७ | १०३ | १५० | ३४ | २६ | ६० |
| असोज | ५६ | ७९ | १३५ | ३५ | २२ | ५७ |
| कार्तिक | ६३ | ९९ | १६२ | ४६ | ४३ | ८९ |
| मंसिर | ५५ | १२५ | १८० | ३४ | ४५ | ७९ |
| पौष | ६२ | ११३ | १७५ | २२ | १९ | ४१ |
| **जम्मा** | **३२८** | **५९७** | **९२५** | **२०१** | **१९०** | **३९१** |

जिल्ला प्रशासन कार्यालय, धनकुटा

## आ.व. ०७६/०७७ पुस महिना सम्मको मुद्धा सम्बन्धि विवरण

| मिति | मुद्धा दर्ता संख्या | मुद्धा फछ्यौट संख्या |
|---|---|---|
| गत सालबाट सरी आएको (अ.ल्या. मुद्धा संख्या) | १ | |
| श्रावण | ० | ० |
| भाद्र | १ | ० |
| असोज | २ | १ |
| कार्तिक | ० | ० |
| मंसिर | १ | २ |
| पुस | १ | ० |
| जम्मा | ६ | ३ |

| विवरण | संख्या |
|---|---|
| ठाडो उजुरी संख्या | १० |
| फछ्यौंट संख्या | १० |
| लिखित जवाफ | ५ |
| निर्णय पर्चा एस.इ.ई. सर्टिफिकेट र ग्रेड सिटमा नाम, थर तथा जन्ममिति सच्याउने निर्णय | ५ |
| पहिलो चौमासिक धरौटी लिइएको रु. | ४६०००.०० |
| जरिवाना अशुली रु. | ५०००.०० |

## ०७६/०७७ पुस महिना सम्मको स्थानीय प्रशासनद्धारा प्रदान गरिएको सेवा सम्बन्धी विवरण

| महिना | आदिवासी जनजाति/दलित प्रमाणित | भारतीय पेन्सन सिफारिस | दुई नाम/जन्म मिति सिफारिस | हतियार नविवरण | संस्था दर्ता | संस्था नविकरण | नावालक परिचय-पत्र |
|---|---|---|---|---|---|---|---|
| श्रावण | ६४ | ४ | ८ | ४ | ५ | २ | ५ |
| भाद्र | ४१ | ६ | १४ | ४ | २ | ९ | ३ |
| असोज | ११ | १ | ७ | ० | ३ | १८ | २ |
| कार्तिक | १८ | ३ | ६ | ० | ३ | १६ | ३ |
| मंसिर | १४ | १ | ४ | १ | ३ | ९ | ० |
| पौष | २३ | ३ | २ | ० | ३ | १२ | ० |
| **जम्मा** | **१७१** | **१८** | **४१** | **९** | **१९** | **६६** | **१३** |

जिल्ला प्रशासन कार्यालय, धनकुटा



Website: www.daodhankuta.moha.gov.np Email:-daodhankuta@gmail.com Tel: 026-520131

अन्य कार्यहरु

**१. सशस्त्र द्धन्द्धमा घाइते भई अपाङ्गता भएका व्यक्तिको अपाङ्गता प्रतिशत पुनरावलोकन सम्बन्धमाः**

- गृह मन्त्रालय, सिंहदरबार काठमाडौंको मिति २०७६/०३/२७ मा प्रकाशित सूचना अनुसार "सशस्त्र द्धन्द्धमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन(प्रथम संशोधन सहित) कार्यविधी, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्धन्द्ध प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदल"को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि ३ महिना भित्रमा यस कार्यालयमा रितपूर्वक पेश हुनआएका निवेदनहरु दर्ता तथा संकलन गर्ने कार्य गरिएको ।
- तोकिएको समयावधी भित्र रितपूर्वक दर्ता हुन आएका निवेदन उपर "सशस्त्र द्धन्द्धमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पूनरावलोकन कार्यविधी (प्रथम संशोधन सहित), २०७४" अनुसार जिल्ला स्थित "घाइते अपाङ्गता प्रतिशत निर्धारण एवं पुनरावलोकन सिफारिस समिति"को मिति २०७६/०७/०५ गते बैठक बसी ११ जना घाइते अपाङ्गता भएका व्यक्तिहरुको निवेदन माथि छलफल गरी प्रतिशत निर्धारण तथा पुनरावलोकनका लागि निर्णय गरी गृह मन्त्रालय, राहत तथा तथ्याङ्क व्यस्थापन शाखा सिंहदरबार काठमाडौंमा सक्कलै निवेदन सहित सिफारिस गरिएको ।

**२. विपद् व्यवस्थापन सम्बन्धमाः**

- धनकुटा जिल्लामा आपतकालिन तथा विपदजन्य घटनाहरुको सम्बन्धमा सूचना संकलन, आवश्यक सचेतता अपनाई विपदजन्य घटनाहरुमा तत्काल उद्धार तथा राहत कार्यका लागि मिति २०७६/०५/३१ गते जिल्ला सुरक्षा समितिको निर्णयानुसार मिति २०७६/०६/०१ गते जिल्ला प्रशासन कार्यालयको हाताभित्र रहेको २ कोठे भवनमा "जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, धनकुटा" को स्थापना गरी संचालन गरिएको ।
- जिल्ला आपतकालिन कार्य संचालन केन्द्रको संचालनका लागि यस कार्यालयमा विपद् हेर्ने प्रशासकीय अधिकृतको संयोजकत्वमा एक जना नायव सुब्बा स्तरको कर्मचारी Focal Person तोकिएको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट १ जना र सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटाबाट १ जना गरी जम्मा २ जना जनशक्ती खटाइएको । विपद/राहतका आधारभूत उद्धार सामग्रीहरुलाई तयारी अवस्थामा राखिएको ।
- धनकुटा जिल्लाका सबै स्थानीय तहमा विपद व्यवस्थापन समिति गठन, दैवी प्रकोप उद्धार सामग्री खरिद तथा भण्डारण, Helipad निर्माण, धनकुटा नगरपालिका क्षेत्रभित्र रातको समयमा अवतरण गर्न मिल्ने हेलिप्याड निर्माण आदि जस्ता विपद पूर्व तयारी कार्यलाई महत्वका साथ अगाडी बढाइएको ।

  जस अनुसार भविष्यमा धनकुटा जिल्लाका सबै स्थानीय तहका प्रत्येक वडामा हेलिप्याड निर्माण गर्ने गरी कार्यारम्भ गरिएकोमा हाल निम्न स्थानमा हेलीप्याड निर्माण कार्य सम्पन्न भई उद्घाटन भइसकेकोः
    - महालक्ष्मी नगरपालिका वडा नं. ७ मा मिति २०७६/०७/०४ गते ।
    - सहिदभूमि गा.पा. वडा नं. ३ मा २०७६/०७/२९ गते ।
    - छथर जोरपाटी गा.पा. वडा नं. ३ पानिट्याङ्कीमा २०७६/०८/११ गते ।
    - चौबिसे गा.पा. वडा नं. २ मुढेवासमा २०७६/१०/०५ गते ।
- मिति २०७६ असोज २६ गतेदेखि सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु गरी International Day for Disaster Reduction (IDDR) मनाइएको ।
- डेंगु रोगको संक्रमणबाट आउन सक्ने खतरालाई न्यूनीकरण र नियन्त्रणका लागि जिल्ला सूरक्षा समिति, स्वास्थ्य र शिक्षा क्षेत्रसँग सम्बन्धित संस्था तथा निकायहरुका वीचमा समन्वय र सहकार्य गरी आवश्यक तयारी, सतर्कता, सचेतना कार्यक्रमहरु सञ्चालन गरिएको ।
- सडकमा हुने अवरोधहरु जस्तै निर्माण सामग्रीहरुबाट हुनसक्ने सडक असुरक्षा कम गर्न, सडकमा भएका खाल्डाखुल्डीरु पुर्ने, प्राकृतिक प्रकोपबाट जिल्ला भित्रका कच्ची तथा पक्की सडकहरुमा आएका अवरोधहरुलाई हटाई सडक सुचारु गर्ने कार्यमा विभिन्न समयमा जिल्ला सुरक्षा समिति, स्थानीय निकाय, सडक हेर्ने निकाय तथा कार्यालयहरु, अन्य सरोकारवाला निकाय, संस्था तथा कार्यालयसँग समन्वय, सहकार्य , छलफल तथा अन्तरक्रिया गरी निरन्तर पहलहरु गरिएको ।

जिल्ला प्रशासन कार्यालय, धनकुटा



Website: www.daodhankuta.moha.gov.np Email:-daodhankuta@gmail.com Tel: 026-520131

- यस आ.व.को प्रथम ६ महिना भित्र यस जिल्लामा विपदजन्य घटनाबाट प्रभावित ५० घर परिवारलाई रु. २,४४,०००।– अक्षरुपी दुई लाख चवालिस हजार रुपैया राहत रकम वितरण गरिएको ।

**३. पुष्पलाल(मध्यपहाडी) राजमार्ग अन्तर्गत हिले– लेगुवा (२६ कि.मि.) सडक खण्डको निर्माण कार्यलाई तिव्रता दिई सम्पन्न गराउने सम्बन्धमाः**

- मिति २०७६/०६/१३ गते प्र.जि.अ. डा. कृष्णबहादुर घिमिरेको अध्यक्षता, प्रतिनिधि सम्मका माननीय सांसद श्री राजेन्द्र कुमार राईज्यूको प्रमुख आतिथ्यता, प्रदेश सभाका माननीय सांसद श्री निरन राईज्यूको विशेष आतिथ्यता तथा निर्माण कम्पनीहरु कञ्चनजंघा कन्स्ट्रक्सन प्रा.लि. र विरुवा कन्स्ट्रक्सन प्रा.लि.का प्रतिनिधिहरुसँग बैठक बसी सडक निर्माणको कार्यलाई तिव्रता दिने सम्बन्धमा छलफल भएको । आगामी २०७६ साल चैत्र मसान्त सम्ममा हिले–पन्चे(१३ कि.मि.) सडक खण्डको सम्पूर्ण कार्य सम्पन्न गर्ने निर्माण कम्पनी कञ्चनजंघा कन्स्ट्रक्सन प्रा.लि. ले प्रतिवद्धता जाहेर गरेको ।
- मिति २०७६/०७/१८ गते प्र.जि.अ. को अध्यक्षतामा बसेको बैठकमा कञ्चनजंघा कन्स्ट्रक्सन प्रा.लि. का प्रवन्ध निर्देशक टेन्डी शेर्पाबाट आफ्नो खण्डको सब वेश, वेश र कालोपत्रे गर्ने लगायतका काम २०७७/०१/१५ सम्ममा सम्पन्न गर्ने कार्ययोजना सहित प्रतिवद्धता व्यक्त भएको ।
- मिति २०७६/०९/०९ गते प्र.जि.अ.को अध्यक्षता तथा सरोकारवाला निकाय, पक्ष र व्यक्तिहरुको टोलीले दुवै सडक खण्डको स्थलगत अनुगमन गरी भैरहेको निर्माण कार्यका सम्बन्धमा जानकारी लिएको । सो सम्बन्धमा पन्चे लेगुवा खण्डको(१३) कि.मि. खण्डमा आगामी २०७७ बैसाख मसान्त सम्म सब वेश, वेश, पुल निर्माण र कालोपत्रे लगायतका सम्पूर्ण कार्य सम्पन्न गर्ने गरी कार्ययोजना सहित विरुवा कन्स्ट्रक्सन प्रा.लि.ले प्रतिवद्धता जनाएको ।
- मिति २०७६/०९/२४ गते जि.प्रशा.का. धनकुटामा पुष्पलाल(मध्यपहाडी) राजमार्गको हिले–लेगुवा सडक खण्डमा भइरहेको निर्माण कार्यको भौतिक प्रगतिका सम्बन्धमा सरोकारवाला पक्षहरुबीच छलफल तथा समिक्षा भएको । सो सम्बन्धमा हालसम्म कन्चनजंघा कन्स्ट्रक्सन प्रा.लि.ले ६८% र विरुवा कन्स्ट्रक्सन प्रा.लि. ६०% निर्माण कार्य सम्पन्न भएको तथ्याङ्क प्रस्तुत गरेका । सोही बैठकमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजनाका प्रतिनिधि ई. रविन्द्र महर्जनले उल्लेखित सडक खण्डमा Kanchanjanga / Rayamajhi/Motidan JV को Financial Progress 59.20% र Physical Progress 68% भएको तथा Rautaha–Santoshi–Biruwa JV को Financial Progress 53.23% र Physical Progress 60% रहेको प्रतिवेदन पेश गर्नुभएको ।

**४. सेवाग्राहीको सूविधा थप/विस्तार सम्बन्धमाः**

- धनकुटा नगरपालिकासँगको समन्वय र सहयोगमा कार्तिक महिनाबाट चिसो/तातो पानीको व्यवस्था गरिएको ।
- कार्यालय परिसरमा निर्माण व्यवसायी संघ, धनकुटासँगको समन्वय र सहयोगमा मंसिर महिना बाट थप ३ वटा आराम वेन्च थप गरिएको ।

**५. शुसासन कायम गर्न गरिएका प्रयासहरुः**

- कार्यालय प्रमूखहरुसँग बैठक बसी सुशासन ऐन र नियमको प्रावधान बमोजिम शु-शासन कायम गर्न निर्देशन दिएको ।
- कार्यालय प्रमूखहरुबाट बैठकमा उठेका समस्याहरुको यहाँबाट हुनसक्ने कार्यको यहींबाट निराकरण गर्न पहल गरिएको । संघ तथा प्रदेशबाट हुने कार्यहरुको सम्बन्धमा उक्त निकायसँग समन्वय गर्ने,सिफारिस गर्ने गरिएको ।
- प्रत्येक कार्यालयमा अनिवार्य रुपमा नागरिक वडापत्र र उजुरी/गुनासो पेटीका राख्न निर्देशन दिइएको ।
- सूचना अधिकारीहरुसँग बैठक बसी, अन्तक्रिया र छलफल गरी सूचनाको हक सम्बन्धि ऐन ऐन नियम बमोजिमको जिम्मेवारी पूरा गर्न निर्देशन दिएको ।
- सरकारी सवारी साधनहरुको दुरुपयोगलाई निरुत्साहन गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरीको छानविन गरी आयोगमा प्रतिवेदन पठाउने कार्य गरिएको ।
- गृह मन्त्रालयबाट प्राप्त उजुरी उपर छानविन गरी प्रतिवेदन पठाउने कार्य गरिएको ।
- सेवाप्रवाहप्रति नागरिकको सकारात्मक दृष्टीकोण स्थापित गराउन निजामती सेवा दिवसको दिन पहिलो आउने ३ जना सेवाग्राहीलाई सम्मान सहित सेवा प्रवाह गरिएको र अन्य कार्यालयहरुमा पनि सोही बमोजिम सेवाग्राहीलाई सम्मान सहितको सेवा प्रवाह गर्न/गराउन निर्देशन गरिएको ।
- सेवाप्रवाहमा सहजता तथा सुगमता ल्याउने, आफ्ना कार्यालयबाट प्रवाह गरिने सेवाका सम्बन्धमा आवश्यक पर्ने सूचना र जानकारीहरु प्राप्त गर्ने सरल माध्यम Mobile Apps को निर्माण तथा प्रयोग गर्न धनकुटा जिल्लाका सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको ।



Website: www.daodhankuta.moha.gov.np Email:-daodhankuta@gmail.com Tel: 026-520131

- कार्यालयमा डिजिटल नागरिक वडापत्रको कार्यान्वयन गरिएको ।
- प्र.जि.अ. कक्षमा CC Camera बाट कार्यालयको गतिविधि अवलोकन मूल्याङ्कन गर्ने र Video Conference का लागि आवश्यक उपकरण जडान गरी कार्यान्वयनमा ल्याइएको ।
- धनकुटा नगरपालिकाको मूलघाट क्षेत्र निकासी पैठारी तथा अपराध अनुसन्धानको दृष्टिकोणले रणनीतिक विन्दु मानी उक्त स्थानमा सि.सि. क्यामेरा जडानको व्यवस्था मिलाईएको ।

**६. धनकुटामा शिक्षण अस्पताल एवं Reference Hospital स्थापना तथा संचालनका सम्बन्धमाः**

- सो प्रयोजनका लागि जग्गा व्यवस्थान गर्न प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुरोध भई आएको । त्यस सम्बन्धमा धनकुटा बजारको विभिन्न क्षेत्रमा उपयुक्त जग्गा पहिचान तथा छनौट कार्यका लागि प्र.जि.अ.डा. कृष्णबहादुर घिमिरको सक्रियतामा विभिन्न सरोकारवाला संस्था, निकाय, राजनैतिक दलहरु, जनप्रतिनिधीहरु तथा सम्बद्ध पक्षहरु वीचको बैठकमा अन्तक्रिया तथा छलफल गरी जग्गा व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको ।
- मिति २०७६/०७/२३ गते प्र.जि.अ. डा. कृष्णबहादुर घिमिरेको अध्यक्षतामा धनकुटा जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद तथा प्रदेश सभाका माननीयज्यूहरु, पूर्व माननीयज्यूहरु, स्थानीय तहका प्रमुख तथा उपप्रमुखज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, उद्योग वाणिज्य संघ, सम्बद्ध तथा सरोकारवाला संघसंस्था– कार्यालयका कर्मचारीहरु बीचमा सर्वपक्षीय बैठक बसी धनकुटा न.पा.-७ मा नेपाल ट्रष्टको नाममा रहेको १९४ रोपनी मध्ये हाल निजामती आवासीय विद्यालयले लिजमा लिएको १३४ रोपनी बाहेक बाँकी ६० रोपनी जग्गा, धनकुटा न.पा. -६ मा त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान धनकुटाको स्वामित्वमा रहेको ४७-३-१ रोपनी जग्गा तथा त्यसभित्र रहेका भौतिक संरचनाहरु र धनकुटा न.पा.-७ स्थित रेशम खेती विकास कार्यक्रमको स्वामित्वमा रहेको ४७-९-२ रोपनी जग्गा छनौट गर्नु उपयुक्त देखिएको भनि सर्वसम्मत निर्णय भएको । सोही बमोजिम जग्गा प्राप्तीको प्रक्रिया अघि बढाउनका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ विराटनगरमा उल्लेखित जग्गाहरुको फिल्डबुकका प्रतिलिपीहरु, धनिपुर्जाको फोटोकपीहरु, नक्सा लगायत आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको ।
- मिति २०७६/०८/०१ गतेका दिन धनकुटा न.पा.-७ स्थित नेपाल ट्रष्टको नाममा रहेको १९४ रोपनी जग्गा र त्यसै भित्रको हाल निजामती आवासीय विद्यालयले लिजमा लिई प्रयोग गरिरहेको १३४ रोपनी जग्गाको प्र.जि.अ. डा. कृष्णबहादुर घिमिरेको नेतृत्वमा स्थलगत अवलोकन गरिएको । सो क्रममा निजामती विद्यालय प्रशासनसँग भएको छलफलमा उक्त विद्यालयले हाल लिजमा लिई प्रयोग गरिरहेको १३४ रोपनी जग्गा मध्ये पनि ९४ रोपनी मात्र विद्यालयले राखेर बाँकी जग्गा शिक्षण अस्पताल एवं Reference Hospital स्थापना तथा संचालनका लागि प्रयोग गर्न सकिने निर्णय भएको ।

**७. लागुपदार्थको अवैध उत्पादन, प्रयोग र वेचविखन नियन्त्रणका सम्बन्धमाः**

- जिल्ला स्थित सुरक्षा निकायसँगको समन्वयमा धनकुटा जिल्लाका विभिन्न स्थानमा अवैध रुपमा लगाइएको यस आ.व.मा मात्र हालसम्म १५,१६,०१७ बोट गाँजाका बोटहरु नष्ट गरिएको ।

**८. प्रदेश सरकारसँग समन्वय गरी गरिएका कार्यहरुः**

- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रलाई विपदको समयमा आवश्यक पर्ने उद्धार सामग्रीहरु खरिद गरी उपलब्ध गराइदिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १ विराटनगरलाई अनुरोध गरी पठाइएको ।
- विपद्को समयमा उद्धार र राहतका कार्यमा सुरक्षा निकायको योगदान उल्लेखनिय हुने हुँदा नेपाली सेना वरख गण जाने कच्ची सडक र शसस्त्र प्रहरी बल छिन्ताङ्ग गुल्म जाने कच्ची सडक स्तरोन्नती गर्नैपर्ने आवश्यकता देखिएकोले योजना तथा स्टिमेट सहित मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश नं १ मा बजेट निकासाका लागि अनुरोध गरी पठाइएको ।

**९. कोशी करिडोर २२० के.भि. प्रशारण लाइन आयोजनाः**

- धनकुटा जिल्लामा ९७ वटा टावर निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ८३ वटा टावर निर्माण कार्य सम्पन्न भइसकेको । ७ कि.मि. तार तान्ने काम भएको । कुल भौतिक प्रगति लाइनको मात्र ८५% भएको ।
- २ वटा निगालेमा र ३ वटा सिधुवामा गरी जम्मा ५ वटा फाउन्डेशनमा मुआब्जा कम भएको भनि अवरोध रहेको ।
- टावरले ओगटेको जग्गाको मुआब्जा निर्धारण भइसकेको ।
- लाइनको मुआब्जा निर्धारण कार्य अन्तिम चरणमा पुगेको ।


Website: www.daodhankuta.moha.gov.np Email:-daodhankuta@gmail.com Tel: 026-520131
जिल्ला प्रशासन कार्यालय, धनकुटा

- Right way 15/15 m. का जग्गाधनीहरुको जग्गा पहिचान तथा रेखाङ्कन कार्य मालपोत र नापी कार्यालयबाट सकिएको । स्थलगत रुपमा सम्बन्धित वडाहरुमा काम हुन बाँकी रहेको ।

**१०. शान्ति सुव्यवस्था कायम राख्ने सम्बन्धमाः**

- आफ्नो जिल्लासँग सिमाना जोडिएका जिल्लाका प्र.जि.अ.सँग अन्तर जिल्ला सुरक्षा समन्वय बैठक विभिन्न समयमा बसी आवश्यक निर्णय गरिएको ।
    - मिति २०७६ मंसिर ५ गते भोजपुर जिल्लाको षडानन्द न.पा. दिङ्गला बजारमा धनकुटा, भोजपुर, संखुवासभा जिल्लाका प्र.जि.अ. तथा सुरक्षा निकायका प्रमुखहरु सहित बैठक बसेको ।
    - मिति २०७६ पौष २३ गतेका दिन तेह्रथुम र धनकुटा जिल्लाका प्र.जि.अ.हरु तथा सुरक्षा निकायका पदाधिकारीहरु सहितको बैठक तेह्रथुम जिल्लाको म्याङ्लुङमा बसेको ।
- छथर जोरपाटी गा.पा. स्थित कोशी राजमार्गमा टेलर र टयाम्पु जुधी सडक दुर्घटना हुँदा २ जनाको मृत्यु भए पश्चात मृतकका आफन्तले सडक अवरोध गर्दा उत्पन्न गतिरोधलाई प्र.जि.अ.को सक्रियतामा पिडित पक्षसँग समन्वय गरी अवरुद्ध सडक तत्काल खुलाउने कार्य गरिएको ।

**समाप्त**

जिल्ला प्रशासन कार्यालय, धनकुटा